# मानव अधिकारपत्र

राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन

वर्ष ८ अङ्क १५ भदौ–फागुन २०८२

## आयोगद्वारा प्रतिनिधिसभा सदस्य निर्वाचनको अनुगमन



भाद्र २३ र २४ गते भएको जेन्जी प्रदर्शनपछि विघटित प्रतिनिधि सभा सदस्य प्रत्यक्षतर्फको २०८२ साल फागुन २१ गते सम्पन्न निर्वाचनको राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको दृष्टिकोणबाट अनुगमन सम्पन्न गरेको छ।

यस पटकको निर्वाचन विगतको तुलनामा समग्र रूपमा शान्तिपूर्ण र सन्तोषजनक रूपमा सम्पन्न भएको पाइएको छ । गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरू र आचार संहिता उल्लङ्घनमा कमी आएको पाइएको छ।

आयोगले निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चात् गरी तीन चरणमा आयोगको केन्द्रीय कार्यालय र प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूबाट देशभर नै अनुगमन गरेको थियो । सो कार्यको लागि काठमाडौं उपत्यका बाहिर ८० टोली र काठमाडौं उपत्यकामा उच्चस्तरीय टोली ८ र कर्मचारी तहको १३ गरी २१ वटा अनुगमन टोलीहरुले अनुगमन गरेको थियो। निर्वाचनपूर्व ४२ जिल्लाहरुमा तथा निर्वाचनको दिन र निर्वाचनपश्चात ७५ जिल्लाहरू (मनाङ र मुस्ताङ बाहेक) मा अनुगमन टोलीहरू परिचालित भएका थिए । अनुगमन टोलीमा आयोगका पदाधिकारीहरु, पूर्व पदाधिकारीहरु र कर्मचारीहरूको सहभागिता रहेको थियो।

निर्वाचनमार्फत नागरिकले आफ्ना प्रतिनिधि छान्न पाउने नागरिकको नैसर्गिक अधिकारको प्रयोग, राजनीतिक सहभागिता, अभिव्यक्ति स्वतन्त्रता तथा निष्पक्ष निर्वाचनको सुनिश्चितता आदि मानव अधिकारसँग जोडिएका सवाललाई केन्द्रविन्दुमा राखी

अनुगमन गरिएको थियो । यसका साथै अनुगमनको क्रममा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा निर्वाचन आयोगद्वारा जारी गरिएका आचारसंहिता र निर्देशिकाहरू, मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय मापदण्डअनुसार आयोगले उम्मेदवारी मनोनयन दर्तादेखि मतगणनासम्मको प्रक्रियालाई मध्यनजर राखिएको थियो ।

अनुगमनमा पाइएका तथ्यहरूको आधारमा आयोगबाट एकीकृत प्रतिवेदन तयार पार्ने कार्य भइरहेको छ । अन्तिम प्रतिवेदन तयारीपछि देखिएका कमीकमजोरीहरुमा आवश्यक सुधारको लागि सम्बन्धित निकायहरूलाई सुझावसहित सिफारिस गर्नेछ । यसअघिका निर्वाचनहरूमा समेत आयोगले तीनै चरणहरूमा मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गरी नेपाल सरकार, निर्वाचन आयोग, राजनीतिक दल, सञ्चारकर्मी, अनुगमनकर्ता र पर्यवेक्षकहरूलाई सुधार गर्नुपर्ने विषयमा विभिन्न सिफारिसहरू गरेको थियो ।

## निर्वाचनपूर्वको अनुगमन



आयोगले केन्द्र, प्रदेश र प्रदेश शाखा कार्यालहरूबाट अनुगमन टोलीहरू निर्माण गरी ४२ जिल्लाहरूमा निर्वाचनपूर्वको अनुगमन गरेको थियो । यस चरणमा आयोगका सबै कार्यालयहरूबाट उम्मेदवारी दर्तादेखि निर्वाचनको अघिल्लो दिनसम्म निरन्तर अनुगमन गरेको थियो। सो क्रममा स्थलगत अनुगमन, निर्वाचनमा खटिएका कर्मचारीहरू, सुरक्षा निकायहरू र राजनीतिक दलहरूसँग समन्वय र छलफल गरी निर्वाचन तयारीका सम्बन्धमा जानकारी लिइएको थियो । आवश्यकताअनुसार आयोगका केन्द्रीय र प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुमा निर्वाचन कक्ष निर्माण गरी छापा र विद्युतीय सञ्चारमाध्यममा प्रकाशित र प्रशारित समाचारहरूको आधारमा पनि अनुगमन गरिएको थियो ।

आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनमा उम्मेदवारहरूबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको र ऱ्याली तथा सभाहरूमा बालबालिका संलग्न रहेको पाइएको छ । त्यसै गरी पत्रकारहरूमाथि धम्की तथा कुटपीट भएको, आचारसंहिता विपरीत भौतिक रूपमा चुनाव चिन्हको प्रयोग गरिएको, विनाअनुमति व्यक्तिका घरहरूमा प्रचार सामग्री र झण्डा टाँगिएको पाइएको छ । स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारीहरूको निर्वाचनको प्रचारप्रसारमा सहभागिता, उम्मेदवारहरूबाट अनुमतिविना बढी सवारीसाधन प्रयोग, मतदाताहरूलाई अनुचित प्रभाव पार्ने प्रयास, दलका कार्यकर्ता र समर्थकहरूबाट सामाजिक सञ्जालको दुरुपयोग, आपसमा गालीगलौज, सिमान्तकृत समुदायमा मतदाता शिक्षाको अपर्याप्तताजस्ता तथ्यहरू पाइएका छन् ।

विगतका निर्वाचनको तुलनामा दलका नेता र उम्मेदवारहरूबीचको आपसी सौहार्दता, सुरक्षा निकायको सुरक्षा सतर्कता तथा निर्वाचन अधिकारी र स्थानीय प्रशासनबाट भएका निर्वाचनको तयारी, आचार संहिताको पालना, राजनीतिक दलहरूको ऱ्याली तथा चुनावी प्रचार-प्रसार, कार्यक्रमहरूमा बालबालिकाको प्रयोग लगायतका पक्षहरूमा सुधार आएको पाइएको छ ।

अनुगमन टोलीले निर्वाचन अधिकृतको कार्यालयबाट भएको



निर्वाचन तयारी, आचारसंहिता पालनाको स्थिति, शान्ति सुरक्षाको अवस्था लगायतका विषयमा प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग छलफल गरेको थियो । अनुगमनका क्रममा राजनीतिक दल, उम्मेदवार, गैर सरकारी संस्था, नागरिक समाज, पत्रकार तथा मतदाताहरूसँग समेत आयोगले जानकारी लिएको थियो ।

## निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन आयोगको अन्तरनिकायसँग छलफल

भयरहित, शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र प्रभावरहित निर्वाचनको लागि राजनीतिक दलहरू लगायतलाई जिम्मेवार बनाइ नागरिकको मताधिकारलाई सुनिश्चित र सुरक्षित बनाउने सन्दर्भमा आयोगले बिभिन्न मितिमा राजनीतिक दल, सुरक्षा निकाय, निर्वाचन पर्यवेक्षणसँग सम्बन्धित संस्था, सञ्चारकर्मी, नागरिक समाजका प्रमुख/प्रतिनिधिहरू लगायत सरोकारवालाहरूसँग छुट्छुट्टै छलफल गरेको थियो ।

### राजनीतिक दलहरूसँग छलफल



आयोगले माघ १९ गते विभिन्न राजनीतिक दलहरूसँग निर्वाचनसम्बन्धी छलफल कार्यक्रम सम्पन्न गऱ्यो । सो क्रममा आयोगले राजनीतिक दलहरूलाई आफ्ना घोषणापत्रहरूमा मानव अधिकारमैत्री कार्यक्रमहरू समावेश गर्न र निर्वाचन आचारसंहिता पालना गर्न अनुरोध गरेको थियो । कार्यक्रममा उपस्थित राजनीतिक दलका प्रतिनिधिहरूले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै निर्वाचनमा मानव अधिकारको अनुगमनलाई राष्ट्रिय मानव अधिकार आयोगले थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए ।

### सञ्चारकर्मीहरूसँग छलफल



वस्तुनिष्ट र सत्यसत्य सूचनाहरूमार्फत नागरिकहरूमा यथार्थ जानकारी सम्प्रेषण गराउने उद्देश्यले आयोगले माघ २० गते सञ्चारकर्मीहरूसँग छलफल कार्यक्रमको आयोजना गऱ्यो । उक्त छलफल प्रविधि साक्षरता (Digital literacy), प्रविधि अनुगमन (Digital monitoring), सञ्चारकर्मीहरूले पालना गर्नुपर्ने आचारसंहिता, सामाजिक सञ्जालहरूको प्रयोग, दुर्गम क्षेत्रका मतदाताहरूको प्राथमिकता, निर्वाचनको समयमा सञ्चारकर्मीहरूको भूमिका, सुरक्षा संयन्त्रसँगको समन्वय, सञ्चारकर्मीमाथि धम्की/चुनौतिलगायतका विषयहरूमा केन्द्रित थियो ।

### निर्वाचन पर्यवेक्षकहरूसँग छलफल



माघ २२ गते आयोगले निर्वाचनमा पर्यवेक्षण गर्ने विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग अनुगमन/पर्यवेक्षणको प्रभावकारिताको सम्बन्धमा छलफल गऱ्यो । छलफलमा राजनीतिक दलका केही नेताहरू र उम्मेदवारहरूले एक अर्को दल, नेता र उम्मेदवारप्रति प्रयोग गर्ने अमर्यादित भाषा, घृणाजन्य अभिव्यक्ति, अरूको मर्यादामा आँच आउने प्रकृतिका सामग्री उत्पादन र विद्युतीय प्रविधिको माध्यमबाट प्रचारप्रसार, सामाजिक सञ्जालमा मतदाताको गोप्य मतदानको अधिकार र गोपनियताको हक उल्लङ्घन, निर्वाचन आचारसंहिताको उल्लङ्घन, र भ्रामक समाचार प्रसारण, मतदाता शिक्षाको प्रभावकारितासँग सम्बन्धित बिषयहरूमा छलफल भएको थियो ।

### सुरक्षा निकायहरूसँग छलफल



निर्वाचनको सुरक्षा व्यवस्थाको तयारी तथा निर्वाचनमा मानव अधिकारको संरक्षण सम्बन्धमा आयोगले नेपाल सरकारका चार वटै सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरूसँग फागुन ४ गते छलफल गऱ्यो । छलफलको क्रममा आयोगले निर्वाचनमा

मतदाता, उम्मेदवार, पर्यवेक्षक, अनुगमनकर्ता तथा निर्वाचनमा खटिने सम्पूर्ण कर्मचारीको सुरक्षा व्यवस्था र मानव अधिकार संरक्षणको लागि तयारी र सम्पन्न कार्यहरूको सम्बन्धमा सुरक्षा प्रमुखहरूबाट जानकारी लिएको थियो । सुरक्षा निकायलाई आवश्यक पर्ने सामग्रीको कमीका बाबजुद निर्वाचन सम्पन्न गराउनका लागि उच्च मनोबलका साथ कार्य अगाडि बढिरहेको सुरक्षा निकायका प्रमुखहरूको भनाइ थियो। कार्यक्रममा आयोगका माननीय सदस्यहरू, सचिव, नेपाली सेनाका बलाधिकृत रथी, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बल नेपाल प्रहरीका महानिरीक्षक र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखको उपस्थिति रहेको थियो ।

### प्रेस-विज्ञप्ति


राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)
प्रेस-विज्ञप्ति

मानव अधिकारको संरक्षण रसंवर्धनमा राजनीतिक दलको महत्त्वपूर्ण भूमिका हुने भएकाले निर्वाचनको मिति घोषणा भएसँगै राजनीतिक दलहरूलाई आफ्ना घोषणापत्रहरूमा मानव अधिकारका विषय समेटी त्यसको कार्यान्वयको सुनिश्चितताका लागि प्रतिबद्धता जाहेर गर्न अपिल गर्दै पुस २४ गते प्रेस-विज्ञप्ति जारी गरेको थियो । यसैगरी निर्वाचन र शान्ति सुरक्षामा असर पर्ने घृणाजन्य अभिव्यक्ति बन्द गरी शान्तिसुरक्षाको अवस्थालाई थप मजबुत बनाउन अपिल गर्दै माघ १३ गते, निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन जोड दिँदै माघ १९ गते, निर्वाचन आचारसंहिताको पालना गर्दै निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन जोड दिँदै माघ २२ गते र निर्वाचन सुरक्षासम्बन्धी आवश्यक व्यवस्था मिलाउन फागुन ४ गते छुट्टाछुट्टै प्रेस-विज्ञप्ति जारी भएका थिए ।

### आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुबाट भएका छलफल/अन्तरक्रिया कार्यक्रम

आसन्न निर्वाचनको सन्दर्भमा सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुबाट प्रदेशका राजनीतिक दलहरु, सुरक्षा निकाय, सञ्चारकर्मी, नागरिक समाज र सरोकारवालाहरुसँग अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरेका थिए ।

### कोशी प्रदेश कार्यालय, बिराटनगर



कोशी प्रदेश कार्यालयले फागुन १४ गते निर्वाचन पर्यवेक्षक, नागरिक समाज र पत्रकारहरूसँग "मानव अधिकारका सवाल र निर्वाचन पर्यवेक्षकको भूमिका" विषयक छलफल कार्यक्रम सम्पन्न गर्‍यो । यसैगरी फागुन १२ गते निर्वाचनको सुरक्षा व्यवस्थाको तयारी तथा निर्वाचनमा मानव अधिकारको संरक्षण सम्बन्धमा कार्यालय प्रमुख वीर बहादुर बुढामगर नेतृत्वको टोलीले नेपाली सेना, पूर्वी पृतना मुख्यालय, इटहरीका पृतनापति उपरथी श्री गौरव कुमार केसी, कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक श्री विनोद घिमिरे र सशस्त्र प्रहरी बल नेपाल नं.१ वराह वाहिनी मुख्यालय, सुनसरीका प्रमुख सशस्त्र प्रहरी नायब महानिरीक्षक मनिस थापासँग छुट्टाछुट्टै भेटघाट गरी छलफल गरेको थियो। छलफलको क्रममा सुरक्षा निकायका प्रमुखहरूले निर्वाचन शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न गराउन आफूहरू पूर्ण रूपमा तयार रहेको जानकारी गराउएका थिए ।

### कोशी प्रदेश शाखा कार्यालय, खोटाङ



आयोगको कोशी प्रदेश शाखा कार्यालय, खोटाङ कार्यालयले फागुन १४ गते सोलुखुम्बु जिल्लाका जिल्ला सुरक्षा समितिका

पदाधिकारीहरुसँग निर्वाचनको तयारी र सुरक्षा व्यवस्थापनका सम्बन्धमा छलफल गरेको थियो । यसै गरी फागुन २० गते ओखलढुंगा जिल्लामा सञ्चारकर्मी, नागरिक समाज र पर्यवेक्षकहरुसँग निर्वाचन आचार संहिताको पालना र निर्वाचन पर्यवेक्षणका सन्दर्भमा सहकार्य र समन्वयको विषयमा छलफल गरेको थियो ।

### बागमती प्रदेश कार्यालय, हेटौंडा



आयोगको बागमती प्रदेश कार्यालय, हेटौडाले सिन्धुपाल्चोक र दोलखा जिल्लामा प्रमुख जिल्ला अधिकारी, निर्वाचन कार्यालयका प्रमुखलगायत सरकारी कार्यालयका प्रमुखहरुसँग निर्वाचनको तयारी, सुरक्षा व्यवस्थापन र मानव अधिकार अवस्थाका सम्बन्धमा छलफल गरेको थियो । त्यसै गरि निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउने सन्दर्भमा महत्वपूर्ण भूमिकामा रहने सञ्चारकर्मी, नागरिक समाज र अधिकारकर्मीहरुबीचको समन्वय र सहकार्य लगायतका विषयमा सरोकारवालाहरुसँग छलफल गरेको थियो ।

### गण्डकी प्रदेश कार्यालय, पोखरा



आयोगको गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा फागुन १३ गते निर्वाचन पर्यवेक्षण गर्ने संघ संस्थासँगको समन्वय बैठक कार्यालयको सभाहलमा सम्पन्न भयो । बैठकले निर्वाचन अनुगमन तथा पर्यवेक्षणमा समन्वय र सहकार्य तथा सूचना आदान प्रदानका लागि आयोगको कार्यालयमा सचिवालय राख्ने निर्णय गरेको थियो । गण्डकी प्रदेशमा निर्वाचन पर्यवेक्षणका लागि अनुमति प्राप्त संस्थाहरु राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), राष्ट्रिय अपाङ्ग महासंघ, गैरसरकारी संस्था महासंघ, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), आम निर्वाचन पर्यवेक्षण समिति (जियोक), महिला कानुन र विकास मञ्च(एफडब्लुएलडी), र नेपाल मानव अधिकार संगठन लगायतको सहभागिता रहेको थियो ।

### लुम्बिनी प्रदेश कार्यालय, बुटवल



आयोगको लुम्बिनी प्रदेश कार्यालय, बुटवल रुपन्देहीले माघ २८ गते “मानव अधिकारमैत्री निर्वाचन” विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गर्‍यो । सहभागिहरुले राजनीतिक दलहरुका घोषणापत्रमा मानव अधिकारका विषयहरुलाई समावेश गरी सामाजिक परीक्षणका रुपमा हेरिनुपर्नेमा जोड दिएका थिए । साथै, पत्रकार/संचारकर्मी, मानव अधिकारकर्मी तथा निर्वाचन पर्यवेक्षण गर्ने संस्थाहरुले शान्ति सुव्यवस्था कायम गर्दै निर्वाचनमा मताधिकारको प्रयोग स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण हुनुपर्नेमा जोड दिएका थिए ।

यसै गरी माघ २९ गते प्रमुख राजनीतिक दलका प्रतिनिधिहरूसँग “मानव अधिकारमैत्री निर्वाचन” विषयक तथा अन्तरक्रिया कार्यक्रम“ सम्पन्न भयो । कार्यक्रममा प्रमुख राजनीतिक दलका प्रदेशस्तरीय नेताहरुको सहभागिता रहेको थियो । राजनीतिक दलका प्रतिनिधिहरुले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, मर्यादित र सौहार्दपूर्ण प्रतिस्पर्धाको वातावरणमा सम्पन्न गर्न सबै पक्ष जिम्मेवार र प्रतिबद्ध हुनुपर्नेमा जोड दिएका थिए ।

### लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज

आयोगको लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्जले फागुन १५ गते बाँके जिल्लाका मानव अधिकार सञ्जाल,

सञ्चारकर्मी,कानुन व्यवसायीर अधिकारकर्मीहरुको सहभागितामा "आसन्न निर्वाचनमा मानव अधिकार सम्बन्धमा सरोकारवालाहरुको भूमिका" बिषयक छलफल कार्यक्रम सम्पन्न भयो । सो क्रममा निर्वाचन तयारीको अवस्था, निर्वाचन आचार संहिताको पालना, चुनावी कार्यक्रमहरुमा बालबालिकाहरुको प्रयोगा रनिर्वाचनमा खटिने पर्यवेक्षक र संचारकर्मीहरुको मानव अधिकार संरक्षणमा आयोगसँगको समन्वय र सहकार्य लगायतका बिषयहरुमा छलफल केन्द्रित रहेको थियो ।

### कर्णाली प्रदेश कार्यालय, सुर्खेत




आयोगको कर्णाली प्रदेश कार्यालय, सुर्खेतले माघ १८ र १९ गते दैलेख जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसँग आसन्न निर्वाचनको सन्दर्भमा जिल्लाको शान्ति सुरक्षाको अवस्था र निर्वाचन गतिविधिबारे छलफल गरी जानकारी लिएको थियो । छलफलमा जिल्लाको शान्ति सुरक्षाको अवस्था सन्तोषाजनक रहेको सुरक्षा निकायका प्रमुखहरुहरुबाट जानकारी प्राप्त भएको थियो ।

त्यसै गरी कानून व्यवसायीहरु, सञ्चारकर्मी र नागरिक समाजका प्रतिनिधिहरुसँग मानव अधिकारको अवस्था र निर्वाचनमा सरोकारवालाहरुको भूमिका, समन्वय र सहकार्यका सम्बन्धमा छलफल गरेको थियो ।

### कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला

आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाले जिल्ला सुरक्षा समिति, सञ्चारकर्मी र नागरिक समाजसँग बिभिन्न मितिमा छुट्टाछुट्टै छलफल गरी आसन्न निर्वाचनको बारेमा जानकारी लिएको थियो । साथै, आयोगसहित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, आन्तरिक राजश्व कार्यालयका प्रमुखहरुको संयुक्त टोलीले जिल्लाका बिभिन्न स्थानीय तहहरुमा



निर्वाचनको तयारी, आचार संहिताको पालनाको अवस्था सम्बन्धमा स्थानीय र सरोकारवालाहरुसँग छलफल एवम् सोधपुछ गरी जानकारी लिएको थियो । सो क्रममा आचार संहिताको परिपालना भएको र निर्वाचनको तयारी व्यवस्थित जानकारी प्राप्त भएको थियो ।

### सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी



आयोगको सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले फागुन १० गते कैलाली जिल्लाका गैरसरकारी संस्था, नागरिक समाज तथा कानून व्यवसायीसँग "निर्वाचन र मानव अधिकार" विषयमा छलफल कार्यक्रम सम्पन्न गर्‍यो । उक्त कार्यक्रममा आसन्न निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र नागरिकहरुको मानव अधिकारलाई संरक्षण र संवधर्न गर्ने सन्दर्भमा राजनीतिक दलहरु, नागरिक समाज र कानुन व्यवसायहरुको भूमिका लगायत बिविध बिषयमा छलफल भएको थियो ।

### अनुगमन टोलीहरुबाट सरोकारवाला निकायहरुसँग छलफल

आयोगका केन्द्रीय, प्रदेश र प्रदेश शाखा कार्यालयहरुबाट निर्वाचनपूर्व अनुगमनमा खटिएका टोलीहरुले खटिएका जिल्लाहरुमा पुगी जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, सरकारी निकायका प्रमुखहरु, राजनीतिकर्मी, सञ्चारकर्मी, अधिकारकर्मी,



नागरिक समाज र सर्वसाधारण नागरिकहरुसँग प्रत्यक्ष भेटघाट, सोधपुछ र छलफल गरी निर्वाचन तयारी, शान्तिसुरक्षाको अवस्था, मतदाता शिक्षाको प्रभावकारिता, आचार संहिताको पालना लगायतका बिषयहरुमा जानकारी लिएका थिए । निर्वाचन तयारी पूरा भएको, मतपत्र ढुवानी समयमै भएको, छिटपुटबाहेक निर्वाचन आचार संहिता पालना भएको, मतदाताहरुलाई प्रलोभन र प्रभावमा पार्ने कार्य न्यून मात्रामा भएको, राजनीतिक दलहरुका कार्यक्रमहरुमा प्रत्यक्षरुपमा बालबालिकाहरुको प्रयोग कम भएको

जस्ता जानकारी प्राप्त भएका थिए । यद्यपी, दुर्गम क्षेत्रहरुमा मतदाता शिक्षा कम प्रभावकारी भएको जानकारी प्राप्त भएको थियो ।

**उम्मेदवारी दर्ता अनुगमन**



उम्मेदवारी दर्तासम्बन्धी कार्यक्रमलाई निर्वाचनको विशेष महत्वका साथ हेरिने गरिन्छ । आयोगका प्रदेश तथा शाखा कार्यालयहरूबाट आआफ्नो क्षेत्रभित्र उम्मेदवारी मनोनयन दर्तादेखि निर्वाचनको अघिल्लो दिनसम्म अनुगमन गरिएको थियो । मनोनयन दर्ता प्रक्रियामा समर्थकहरूको भीड व्यवस्थापन र दलीय अनुशासनका विषयमा थप सुधारको आवश्यकता देखिए पनि निर्वाचन प्रशासनको तयारी, सर्वदलीय समन्वय, सुरक्षा निकायको उपस्थिति तथा मानव अधिकारमैत्री दृष्टिकोण सकारात्मक देखिएको छ । माघ ६ गतेको उम्मेदवारी मनोनयन दर्ता कार्यक्रमको अनुगमनबाट प्राप्त तथ्यहरू देहायबमोजिम रहेको पाइएको थियो ।

*मनोनयन दर्ता कार्यक्रमको अनुगमनमा पाइएका तथ्यहरू*

- *मनोनयन दर्ताको अघिल्लो दिन नै सर्वदलीय बैठकबाट आइपर्ने समस्या, विधि, पद्धतिको बारेमा साझा मत तय गरिएको,*
- *मनोनयन दर्ता कार्यक्रम शान्तिपूर्ण, व्यवस्थित र मर्यादित रहेको,*
- *उम्मेद्वारहरूलाई मनोनयन प्रक्रियाबारे रहेको अस्पष्टतालाई स्पष्ट पार्ने, फाराम भर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याइएको,*
- *अपाङ्गता भएका व्यक्तिहरू तथा अशक्त उम्मेद्वारहरूका लागि विशेष व्यवस्था गरिएको,*
- *निर्वाचन आचारसंहिता पालना र उम्मेद्वारहरूका लागि समय विभाजन गरिएको,*
- *प्रभावकारी सुरक्षा व्यवस्थापन गरिएको,*
- *मनोनयन स्थलहरू समग्र रूपमा व्यवस्थित बनाइएको,*
- *मनोनयन स्थलभित्र बढीमा १० जना मात्र उपस्थित हुने व्यवस्थाबारे दलहरूबीच सर्वदलीय प्रतिबद्धता जनाइएको र अधिकांश अवस्थामा सो व्यवस्था पालना भएको भए पनि मनोनयन स्थलबाहिर उम्मेद्वारसँग आउने समर्थकहरूको भीडका कारण केही निर्वाचन क्षेत्रमा व्यवस्थापन चुनौर्ती देखिएको,*
- *झापा निर्वाचन क्षेत्र नं. ५ मा उम्मेद्वारसँग आएका समर्थकहरूबीच दर्तास्थल बाहिर एकअर्काका उम्मेद्वारबारे टीकाटिप्पणी र नाराबाजीका कारण केही समय तनाव सिर्जना भए पनि अवस्थालाई नियन्त्रणमा लिन सुरक्षाकर्मीको भूमिका प्रभावकारी देखिएको आदि ।*

## मतदानको दिनको अनुगमन




मतदानको दिनको निर्वाचन छिटपुट घटनाबाहेक समग्र रूपमा शान्तिपूर्ण रहेको तथा नागरिकहरूले स्वतन्त्रतापूर्वक मताधिकारको प्रयोग गर्न पाएको अनुगमनमा पाइएको छ । काठमाडौं उपत्यकाबाहिर ८० टोली र काठमाडौं उपत्यकामा २१ वटा टोलीबाट ७५ जिल्लाका विभिन्न निर्वाचन क्षेत्रहरूमा अनुगमन



गरिएको थियो । अनुगमनमा आयोगका पदाधिकारीहरू, पूर्व पदाधिकारीहरू र कर्मचारीहरूको सहभागिता रहेको थियो ।

अनुगमनबाट यस पटकको निर्वाचन विगतको तुलनामा शान्तिपूर्ण, भयरहित र व्यवस्थित रूपमा सम्पन्न भएको पाइएको छ । यति हुँदाहुँदै पनि निर्वाचनको दौरानमा मानव अधिकार उल्लङ्घन भएको भनी आयोगमा ५० थान उजुरीहरू प्राप्त हुन आएका छन् । प्राप्त उजुरीहरूमध्य कतिपय निर्वाचन आयोगसँग सम्बन्धित भएकाले आवश्यक कारबाहीको लागि पठाइएका छन् ।

अनुगमनमा दाङ, ओखलढुङ्गा, दार्चुला, दोलखा जिल्लाका केही मतदान केन्द्रहरूमा मतदाताहरूले मतदान बहिष्कार गरेको जानकारी प्राप्त हुन आएको छ । यसैगरी दोलखाको मालु, सर्लाहीको बलारा र बसबरियाका मतदान केन्द्रहरूमा केहीबेर विवादका कारण मतदान रोकिए पनि पछि पुनः सुचारु गरिएको थियो । यसैगरी हुम्लाको सिमकोट ५ स्थित श्री भीमसेन आधारभूत मा.वि. मतदान केन्द्रमा एकै व्यक्तिले धेरै जनाको नाममा मतदान गरेको, केही मतदान केन्द्रहरूमा मतदाता परिचयपत्र भएर पनि नामावली सूचिमा नाम नभएको भनी मतदाताले मतदान गर्न नपाएको पाइएको छ । जुम्लाको गुठीचौरस्थित देवर, मुगुको सोरु र गुठीचौर तथा ताप्लेजुङको हाङपाङमा शङ्कास्पद वस्तु फेला परेको कारण ढिला गरी मतदान सुरु भएको विवरण प्राप्त भएको थियो ।



राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

प्रेस-विज्ञप्ति

आयोगद्वारा प्रतिनिधिसभाको निर्वाचनको अनुगमन

मानव अधिकारको दृष्टिमा निर्वाचन सन्तोषजनक

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

आयोगले फागुन २१ गते प्रेस-विज्ञप्तिमार्फत मानव अधिकारको दृष्टिमा निर्वाचन सन्तोषजनक रहेको भनी आयोगको धारणा सार्वजनिक गरिसकेको छ । प्रेस-विज्ञप्तिमार्फत सार्वजनिक भएका तथ्यहरू देहायबमोजिम रहेका छन् ।

- दोलखा, स्याङ्जा, सर्लाही जिल्लालगायतका केही मतदान केन्द्रमा आपसी विवादका कारण केही समय मतदान स्थगित भई पुनः सुचारु भएको,

- दाङ, ओखलढुङ्गा दार्चुला जिल्लालगायतका केही मतदान केन्द्रमा कोही पनि मतदान गर्न नआएको र केही मतदान केन्द्रमा अति न्यून मतदातामात्रै मतदानमा सहभागी भएको,
- कतिपय मतदान केन्द्रमा राजनीतिक दलका कार्यकर्ताहरूबीच आपसी विवाद भएको,
- केही मतदानस्थल अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी र जेष्ठ नागरिकको लागि पहुँचयुक्त नभएको
- कतिपय मतदानस्थल बस्तीबाट धेरै टाढा भएका कारण अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी, जेष्ठ नागरिकलगायत मतदानबाट वञ्चित भएको,
- कतिपय मतदानस्थलमा खानेपानी, शौचालय, प्राथमिक उपचार जस्ता अत्यावश्यक सेवाको पर्याप्त उपलब्धता नरहेको
- मतदाता सहभागिता न्यून देखिएको,
- मतदान प्रविधिमैत्री हुन नसकेका कारण विदेशमा रहेका तथा आफ्नो मतदाता नामावली भएको जिल्लाभन्दा अन्य जिल्लामा रहेका मतदाता मतदानबाट वञ्चित भएको,
- केही मतदाताहरूले आफूसँग मतदाता परिचयपत्र भए पनि मतदाता नामावलीमा नाम नभएकोले मतदानबाट वञ्चित भएको भनी गुनासो प्राप्त भएको आदि ।

## मतदानपछिको अनुगमन



मतदान सम्पन्न भएपछि मतपेटिकाहरूको मतगणनास्थलसम्म ढुवानी, सङ्कलन, मतगणना प्रक्रिया र अन्तिम परिणाम घोषणासम्मको अवस्था सम्बन्धमा आयोगले अनुगमन गरेको थियो । अनुगमनबाट देशैभरका मतदान केन्द्रहरूबाट मतपेटिका समयमै र सहज रूपमा मत गणनास्थलसम्म पुगेको पाइएको छ । उच्च हिमाली क्षेत्र र सडक सञ्जाल नपुगेका बिकट पहाडी क्षेत्रहरूमा भने मतपेटिका सङ्कलन कार्य केही ढिलो भएको थियो । त्यसैगरी कतिपय हिमाली जिल्लाहरूमा भने खराब मौसमको कारण मतपेटिका सङ्कलन कार्यमा केही ढिला भएको पाइएको थियो ।

प्रायः मतगणना स्थलहरूमा मतपेटिका सङ्कलन कार्य सम्पन्न हुनासाथ मतगणना सुरु भए पनि केही स्थानमा राजनीतिक सहमति जुट्न नसक्दा मतगणना केही ढिलो सुरु भएको थियो । सबै मतगणना स्थलहरुमा सौहार्दपूर्ण वातावरणमा मतगणना सम्पन्न भएका थिए । अनुगमनका क्रममा फागुन २२ गते ललितपुरको क्षेत्र नं. २ मा एउटा वडाको प्रत्यक्षतर्फको मत गणना गर्दा मुचुल्का उठाएको सङ्ख्याभन्दा ३० मत कम भेटिएपछि राजनीतिक दलका प्रतिनिधिहरुबीच विवाद भए पनि आपसी



सहमतिमा मतगणना शुरु भएको थियो । यस पटक भने विजयी उम्मेदवार एवम राजनीतिक दलहरूबाट विगतमा जस्तो विजय उत्सव मनाइएको पाइएन ।

## अनुगमनका क्रममा लिइएका केही प्रतिनिधिमूलक तस्वीरहरु






















e bitter but the fruit is sweet." -Aristotle
"Educate Every Student & Expect Excellence"








## आयोगको पहलमा सञ्चारकर्मीलाई सेवासुविधा

सञ्चारकर्मी विद्या राइले आयोगको पहलमा आफुले न्याय पाएको भन्दै आयोगलाई धन्यवाद दिएकी छिन । कान्तिपुर दैनिकमा संवाद्दाताको रूपमा लामो समयदेखि कार्यरत राईले कान्तिपुर दैनिकबाट राजिनामा दिई श्रमजीवी पत्रकार ऐन, २०५१ बमोजिमको सम्पूर्ण सेवासुविधाको लागि पटक-पटक निवेदन पेस गर्दा पनि सेवासुविधा नदिएकोले श्रम अधिकारको रक्षा गरी न्याय दिलाइ पाउँ भन्ने व्यहोराको निवेदन २०८२ श्रावण १४ गते आयोगमा दर्ता गराएकी थिइन् ।

आयोगले उक्त निवेदनउपर सामुहिक अधिकारअन्तर्गत श्रम अधिकारको दृष्टिकोणबाट अध्ययन गरेको थियो । आवश्यकता कागजातको अध्ययनपश्चात् २०८२ भदौ ३ गते आयोगमा कान्तिपुर पब्लिकेशनका प्रशासन प्रमूख परमानन्द खनाल र कानुनी सल्लाहकार किशोर पौडेलसँग छलफल गरी सञ्चारकर्मी राईको नियमानुसारको सेवासुविधा उपलब्ध गराउने सम्बन्धमा सहमति भएको थियो । सो सहमतिसँगै २०८२ असोज ८ गते सञ्चारकर्मी राईले नियमानुसारको पारिश्रमिकसँगै न्याय प्राप्तिको लागि भूमिका निर्वाह गरेकोमा पत्रमार्फत आयोगलाई धन्यवाद दिएकी हुन् ।



मिति: २०८२ माघ ४ गते

श्री अध्यक्ष ज्यु,
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, पुल्चोक, ललितपुर नेपाल ।

राष्ट्रिय मानव अधिकार आयोग

विषय: जानकारी सम्बन्धमा ।

महोदय,

म निवेदक विद्या राईले हाल काठमाडौंको तीनकुनेस्थित केन्द्रिय कार्यालय रहेको कान्तिपुर पब्लिकेशन्स् अन्तर्गत कान्तिपुर दैनिकका प्रधानसम्पादकलाई मिति २०८२ असार १ गते ०८२ साउन १ देखि लागु हुनेगरी राजीनामा बुझाएपश्चात श्रमजिवी पत्रकार ऐन २०५१ बमोजिम पाउनुपर्ने सम्पुर्ण तलब तथा सुविधाहरु नपाएको सन्दर्भमा यस सम्मानित आयोगमा ध्यानाकर्षण गराएपछि आयोगबाट आवश्यक कारवाही प्रक्रियामार्फत मिति २०८२ असोज ८ गते सन्तोषजनक समाधान भएको हो । कान्तिपुर दैनिकबाट बोलाहट भएपछि निवेदकले मिति २०८२ असोज ८ गते तीनकुनेस्थित कार्यालयमा पुगि राफसाफ सहीछाप गरेको जानकारी गराउन चाहान्छु । यस मुद्धामा शिघ्र सुनुवाइ गरी समाधानका लागि उल्लेखनिय सहजीकरण गर्नुभएकोमा सम्मानित आयोगप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

निवेदक
विद्या राई
मोबाइल नं.: ९८६२०२०५५०
मिति: २०८२/१०/०४ गत

## आत्महत्या रोकथामका लागि राष्ट्रिय संवाद



राष्ट्रिय मानव अधिकार आयोग र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत संस्था 'कोशिस' सँगको सहयोगमा पुस ९ गते ललितपुरमा "आत्महत्या रोकथाम र मानव अधिकार" विषयक राष्ट्रिय संवाद कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सहभागीहरूबाट विशेषतः नेपालमा बढ्दै गइरहेको आत्महत्याको कारण र प्रभावका बारेमा समीक्षा गर्दै न्यूनीकरणका लागि सुझावहरू प्राप्त भएका थिए ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री डा. सुधा शर्मा गौतमले आत्महत्या केवल व्यक्तिगत वा स्वास्थ्यसम्बन्धी समस्या नभई सामाजिक र मानव अधिकारसँग जोडिएको गम्भीर विषय भएकाले यसको रोकथामलाई सरकारको उच्च प्राथमिकतामा राख्नुपर्ने र सबै तहका सरोकारवाला निकायबीच समन्वय आवश्यक रहेकोमा जोड दिनुभयो । सरकार मानसिक स्वास्थ्य सेवा विस्तार, आत्महत्या रोकथामसम्बन्धी नीति तथा कार्यक्रम सुदृढ बनाउने र सहायता सेवा (हेल्पलाइन) तथा समुदायस्तरीय सेवालाई प्रभावकारी बनाउँदै लैजान प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

आयोगका मा. अध्यक्ष तपबहादुर मगरले आत्महत्या रोकथामलाई केवल नीतिगत बहसमा सीमित नराखी व्यवहारमा उतार्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले मानव अधिकार आयोगले यस विषयमा निरन्तर अनुगमन र अध्ययन गरी सरकारलाई सिफारिस गर्दै आएको उल्लेख गर्दै यस संवादले भावनात्मकभन्दा तथ्यमा आधारित र समाधानमुखी बहसको आधार तयार गरेको बताउनुभयो ।

आयोगका मा. सदस्य मिहिर ठाकुरले आत्महत्या रोकथाममा दीर्घकालीन सामाजिक लगानी भएको बताउँदै रोकथामका उपायहरू स्थानीय तह र समुदायसम्म पुग्नुपर्नेमा जोड दिनुभयो । उहाँले मानव अधिकारको दृष्टिकोणले हेर्दा सेवा पहुँच, समानता र गरिमाको सुनिश्चितता सबैभन्दा महत्त्वपूर्ण हुने उल्लेख गर्दै छलफलबाट प्राप्त सुझावहरू व्यवहारमा लागू गर्न सबै निकायको साझा जिम्मेवारी रहेको स्पष्ट गर्नुभयो ।

स्वास्थ्य मन्त्रालय र नेपाल प्रहरीको प्रस्तुतिकरणअनुसार झुण्डिएर आत्महत्या गर्नेको सङ्ख्या उच्च रहेको, अधिकांश घटना घरभित्रै हुने गरेको, कोशी प्रदेशमा आत्महत्याको दर सबैभन्दा उच्च रहेको, आत्महत्या गर्नेमा पुरुषहरू करिब ६० प्रतिशत रहेको र यसमा १८-२५ वर्ष उमेर समूह सबैभन्दा जोखिममा रहेको देखिएको छ ।

कार्यक्रममा सहभागीहरूबाट आत्महत्यालाई केवल मानसिक रोगको परिणामका रूपमा मात्र नभई, उपचार, सम्मान र सामाजिक समर्थन प्रणाली असफल हुँदा जीवन जोखिममा पर्ने गरेको र गरिबी, ऋण, बेरोजगारी, लैङ्गिक हिंसा, पारिवारिक बिखण्डन, शैक्षिक दबाब, मदिरा दुरुपयोग, सामाजिक कलङ्क तथा ग्रामीण क्षेत्रमा मानसिक स्वास्थ्य सेवाको अभाव प्रमुख कारणका रूपमा रहेको निष्कर्ष सुझावहरू प्राप्त भएका थिए ।

## बाल विवाह बिरुद्ध परामर्श कार्यशाला

आयोगले उमेर नपुगी हुने विवाह (बाल विवाह) सम्बन्धी प्रदेशस्तरीय कार्यशाला सम्पन्न गरेको छ । सुर्खेतको वीरेन्द्रनगरमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै कर्णाली प्रदेश सरकारका मा. सामाजिक मन्त्री घनश्याम भण्डारीले सामाजिक समस्याका रूपमा रहेको र यस प्रकृतिको कार्यक्रमलाई सकारात्मक परिणाम दिने र मानवता संरक्षणको आधार मान्न सकिने उल्लेख गर्नुभयो ।

कर्णाली प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता कृष्णबहादुर हमालले सरकारले २० वर्षमुनि विवाह गर्नुहुन्न भन्ने बलियो आधार र नीति नबनाउदा धेरैले दुःख खेप्नुपरेको बताउनुभयो । विवाह, शारीरिक





सम्बन्ध र सन्तान जन्माउने कुरा एकै नभएको भन्दै इच्छा दबाउने र अपराध सिर्जना गर्ने गरी कानुन बनाउदा राज्यलाई थेग्न गाह्रो भएको उल्लेख गर्नुभयो ।

आयोगका सचिव मुरारिप्रसाद खरेलले आयोगले राष्ट्रिय जाँचबुझ गठन गर्नुको कारण र अवस्थाको बारेमा जानकारी गराउदै तीनै तहका सरकारहरूलाई बाल विवाह न्यूनीकरण हुने खालका कार्यक्रमहरू ल्याउन जोड दिनुभयो । त्यस्तै, सामाजिक विकास मन्त्रालयका सचिव धोलकराज ढकाल, विज्ञ डा.अनिता घिमिरे र आयोगका कर्णाली प्रदेश कार्यालय प्रमुख रमेशकुमार थापालगायतका वक्ताले बाल विवाहको वर्तमान अवस्था, यसबाट उत्पन्न समस्या र चुनौति, न्यूनीकरणका कार्यक्रम, विद्यमान कानूनी व्यवस्था र अगामी दिनमा निर्माण गर्नुपर्ने कानूनको सम्बन्धमा धारणा राख्नुभएको थियो । उक्त कार्यक्रममा राजनीतिक दल, सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी निकाय प्रतिनिधि, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बाल क्लबका प्रतिनिधि, नागरिक अगुवा, महिला तथा बाल अधिकारकर्मी, धर्मगुरु, नागरिक समाज, पत्रकार तथा सञ्चारकर्मी लगायतका सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

**मध्यवर्ती क्षेत्रका नागरिकका मानव अधिकार अवस्था अध्ययन**




आयोगले बर्दिया, बाँके, सप्तरी, सुनसरीलगायतका जिल्लाका मध्यवर्ती क्षेत्रमा बसोबासरत नागरिकको मानव अधिकार अवस्था अध्ययन/अनुगमन गरेको छ । सो क्रममा आयोगको टोलीले स्थलगत अवलोकन, सर्वेक्षण, अन्तर्वार्ता, लक्षित समुदाय छलफल, परामर्श, अन्तरक्रियालगायतका प्रक्रिया अवलम्बन गरेको थियो ।

उक्त क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित, बालबालिका, वृद्ध, अपाङ्गता भएका व्यक्ति, सरोकारवाला, निकुञ्ज प्रशासन, स्थानीय प्रशासन, प्रदेश, स्थानीय सरकार, सुरक्षाकर्मी, संरक्षण समिति तथा नागरिक समाजका प्रतिनिधिबाट जानकारी/सूचना सङ्कलन गरिएको थियो ।

प्रारम्भिक अध्ययनबाट राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण र मानव अधिकारबीच सन्तुलन कायम गर्न संरचनागत,



नीतिगत र कार्यान्वयन तहका चुनौतीहरू विद्यमान रहेको पाइएको छ । जैविक विविधता संरक्षणमा उल्लेखनीय सफलता भए पनि आसपासमा बसोवास गर्ने स्थानीय आदिवासी जनजाति र सीमान्तकृत समुदायले समस्या व्यहोर्नुपरेको अवस्था छ । मानव-वन्यजन्तुबीच द्वन्द्वको कारण जीवन, स्वास्थ्य, खाद्य सुरक्षा र जीविकोपार्जनमा गम्भीर असर परेको भए पनि राहत र क्षतिपूर्ति प्रणाली पीडित-मैत्री, समयबद्ध र पर्याप्त हुन नसक्दा स्थानीय जनजीवन प्रभावित भएको पाइएको छ ।

अध्ययनबाट मध्यवर्ती क्षेत्र व्यवस्थापनमा स्थानीय समुदायको वास्तविक सहभागिता, पारदर्शिता र जवाफदेहिता कमजोर रहेको तथा परम्परागत भूमि, स्रोत र सांस्कृतिक अभ्यास माथिको अधिकार व्यवहारमा सुनिश्चित हुन नसकेको देखिन्छ ।

## मानव बेचबिखनविरुद्धको प्रतिवेदन मस्यौदामाथि छलफल



आयोगले संयुक्त राष्ट्रसङ्घीय विकास परियोजना (यूएनडीपी) को सहकार्यमा मङ्सिर ३ गते मानव बेचबिखनविरुद्धको राष्ट्रिय प्रतिवेदन, २०८२ को प्रारम्भिक मस्यौदाको सम्बन्धमा बृहत् छलफल सम्पन्न गरेको छ ।

कार्यक्रममा नेपालले अन्तर्राष्ट्रिय स्तरमा स्वीकार गरिएको पार्लेमो आलेखअनुसारको मापदण्डहरूलाई व्यावहारिक कार्यान्वयन, बदलिँदो अवस्थामा प्रविधि (अनलाइन माध्यम, सामाजिक सञ्जाल) प्रयोग गरी हुने लोभ-प्रलोभन तथा शोषणका नयाँ तरिकाबारे अध्ययन, तथ्य सङ्कलन र परिस्थिति विश्लेषण गर्नुपर्ने, प्रमाणमा आधारित र तथ्यगत प्रतिवेदनको लागि परामर्श, घटनाको वास्तविक पृष्ठभूमि बुझ्ने प्रयास र साझा तथ्यको आधारमा नीति निर्माण गर्नुपर्ने लगायतका सुझावहरू प्राप्त भएका थिए ।

नेपालमा नयाँ प्रविधिको दुरुपयोग गरी अनलाइनबाट हुने प्रलोभन र शोषण बढ्दै गएको तथा मानव बेचबिखनको चुनौती जटिल बन्दै गएकोले यसलाई प्रभावकारी रूपमा रोक्न मजबुत अनुसन्धान, विश्वसनीय तथ्य, आधुनिक प्रविधिको सुरक्षित प्रयोग र सबै निकायबीचको समन्वयात्मक प्रयास जरुरी रहेकोमा वक्ताहरूको जोड रहेको थियो । त्यसै गरी मानव बेचबिखनसम्बन्धी प्रतिवेदन सरल भाषामा तयार गर्नुपर्ने, विद्यालय, समुदाय र स्थानीय तहमा हुने सचेतना कार्यक्रमलाई जोड दिनुपर्ने, मानव बेचबिखन रोक्नका लागि अपराधी सञ्जाल नष्ट गरी पीडितको संरक्षण र सहयोग प्रभावकारी बनाउनुपर्ने सुझावहरू प्राप्त भएका थिए ।

कार्यक्रममा आयोगका मा. सदस्य डा. लिली थापा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेत, महान्याधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता लोकराज पराजुली, आयोगका निमित्त सचिव डा. टीकाराम पोखरेल, विषयविज्ञ प्रा. डा. गोविन्द सुवेदी लगायतको सहभागिता रहेको थियो ।

## कारागारमा मानव अधिकार अवस्था अनुगमन




भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनको समयमा देशका विभिन्न कारागार कार्यालयहरूबाट कैदीबन्दीहरू भागेको र यसबाट कारागार व्यवस्थापनमा समस्या आएपछि अन्य कैदीबन्दीहरूको मानव अधिकारमा समेत प्रभाव परेको जस्ता विभिन्न सञ्चार माध्यमहरूमा प्रकाशित/प्रसारित समाचारहरूका आधारमा आयोग स्वयम्ले सूचना ग्रहण गरी आयोगका सबै प्रदेश कार्यालयहरूबाट देशभरीका कारागार कार्यालयहरूका कैदीवन्दीहरूको मानव अधिकार अवस्थाको अनुगमन गरेको छ ।

यसै क्रममा आयोगको कोशी प्रदेश कार्यालयले झापा, मोरङ र सुनसरी जिल्लाका जिल्ला कारागारहरूमा रहेका कैदी/बन्दीहरूको मानव अधिकार अवस्थाको अनुगमन गरेको थियो । मानव अधिकार अधिकृतद्धय चिरञ्जीवी कोइराला र तुलसा कार्कीको टोलीले स्थलगत रूपमा कारागारको भित्री संरचना, व्यवस्थापन र कैदी/बन्दीहरूको अवस्थाबारे अवलोकन गर्नुको साथै व्यवस्थापक र कैदी/बन्दीहरूसँग सोधपुछ र छलफल गरेको थियो ।

अनुगमनमा जेन्जी प्रदर्शनका कारण उत्पन्न परिस्थितिले हाल कारागारको आन्तरिक शान्तिसुरक्षा तथा व्यवस्थापनमा प्रत्यक्षतः समस्या सिर्जना नभएको र जिल्ला सुरक्षा समितिको नियमित अनुगमन र समन्वय हुँदै आएको पाइएको थियो ।

अनुगमन गरिएका कारागार कार्यालयहरूमा कैद ठेकिएका र कैद नठेकिएका बन्दीहरूको कैद अवधि तथा छुट्ने मिति स्पष्ट रूपमा अभिलेखमा उल्लेख गरिएको पाइएको छ । घाइते, बिरामी तथा

रोगी कैदी/बन्दीहरूको विवरण अभिलेखमा राखिएको, स्वास्थ्य परीक्षणको अभिलेख नियमित रूपमा कायम गरिएको, कानूनी पहुँचका लागि सम्बन्धित कानून व्यवसायी तथा वैतनिक वकिलसँग समन्वय, स्थानान्तरण भएर आएका तथा गएका कैदी/बन्दीहरूको अभिलेख कायम र कैदी/बन्दी प्रणालीमार्फत नियमित अद्यावधिक हुने गरेको पाइएको छ ।

कारागारहरूमा आधारभूत सेवा, संरचना र व्यवस्थापनको न्यूनतम व्यवस्था भए पनि मानव अधिकारको दृष्टिकोणबाट संरचनागत चुनौतीहरू विद्यमान रहेको छ । क्षमताभन्दा धेरै कैदी/बन्दी, अत्यधिक भीडभाड, कानूनी तथा मानव अधिकार मापदण्डअनुरूपको वर्गीकरणको अभाव, पुरानो संरचना र सङ्कट व्यवस्थापनमा देखिएका कमजोरीहरूको कारण कारागार प्रणालीलाई मानव अधिकारमैत्री बनाउने चुनौति देखिएको छ । कारागार कर्मचारीहरूका लागि मानव अधिकारसम्बन्धी आधारभूत तालिम अपर्याप्त रहेको, कैदी र थुनुवालाई भिन्न-भिन्न राख्ने व्यवस्था नरहेको, कैदी/बन्दीको मृत्यु सम्बन्धमा मानव अधिकार आयोगलाई २४ घण्टाभित्र सूचित गर्ने संयन्त्र भएपनि हालसम्म कार्यानन्वयन नभएको पाइएको छ ।

वाग्मती प्रदेश कार्यालयले चितवन र मकवानपुर जिल्लाका कारागार तथा हिरासतहरूमा पनि यस्तै किसिमका समस्याहरू देखिएका छन् । अनुगमनबाट जेन्जी आन्दोलनको क्रममा यी जिल्लास्थित विभिन्न कारागारहरू र हिरासतबाट कैदीबन्दी र थुनुवाहरू भागेको र केही कैदी र थुनुवाहरू पछि सम्पर्कमा आएको भए पनि कतिपय सम्पर्कमा आउन बाँकी रहेको पाइएको छ । चितवन कारागारमा रहेका ७४२ जना कैदीहरू र मकवानपुर जिल्लाको भीमफेदी कारागारबाट ४४० जना पुरुष कैदीबन्दीहरू र चितवनको इलाका प्रहरी कार्यालय, टाँडीबाट १५ जना र इलाका प्रहरी कार्यालय भण्डाराका चार गरी १९ थुनुवा फरार भएका छन् । यसैगरी बाल सुधार गृह, मकवानपुरमा ९४ जना बालबन्दीहरू राखिएकोमा जेन-जीको प्रदर्शनपछि निज बालकहरूका आफन्तहरू आएर किन नछोडेको भन्दै ढुङ्गामुढा गरेपछि ताला फोरेर ७२ जना भागेको अनुगमनमा पाइएको छ । कारागार, हिरासत र बाल गृहबाट भागेका कैदी, बन्दी र थुनुवाहरूमध्ये केही सम्पर्कमा आउन बाँकी छन् । अनुगमनको समयमा कारागार र हिरासतको अवस्था सामान्य रहेको पाइएको छ ।

**महिला अधिकारसम्बन्धी अध्ययन प्रतिवेदनउपर छलफल**



आयोगले मानव अधिकारका लागि महिला, एकल महिला समूह (WHR) को सहकार्यमा एकल महिलाको हकअधिकारमा आधारित कानून तथा नीति कार्यान्वयन अवस्था अध्ययनको मस्यौदा प्रतिवेदनउपर भदौ २१ गते सरोकारवालाहरूसँग छलफल कार्यक्रम सम्पन्न गरेको छ । आयोगको सभाहलमा सम्पन्न कार्यक्रम उपप्रध्यापक डा. विष्णु बस्यालद्धारा प्रस्तुत प्रतिवेदनमा समावेश भएका विषयहरू–अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनी व्यवस्था र कार्यान्वयनको अवस्था, सर्वोच्च अदालतका फैसला, कानूनी रिक्तता र एकल महिलाको जीवनमा पारेको प्रभावक आदिमा केन्द्रित भएको थियो । आयोगका मा. अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आयोगका मा. सदस्य डा. लीली थापा, राष्ट्रिय महिला आयोगका मा. सदस्य कृष्णकुमारी खतिवडा, आयोगका सचिव मुरारिप्रसाद खरेल, उपप्रध्यापक डा. विष्णु बस्याल, मानव अधिकारका लागि महिला, एकल महिला समूहका पदाधिकारी र आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।



आयोगका लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा प्रमुख गीता कुमारी दाहालको स्वागत तथा मानव अधिकार अधिकृत मधु सुनामको सहजीकरण रहेको उक्त कार्यक्रममा सहभागिहरूले प्रतिवेदन मस्यौदा सुधारका लागि सुझावहरू दिनुभएको थियो । आयोगले यसअघि नै कैलाली, कञ्चनपुर, मोरङ, सुनसरी र झापा जिल्लामा अनुगमन गरी प्राप्त तथ्यको आधारमा प्रतिवेदन मस्यौदा तयार पारेको थियो ।

संकलन/सम्पादन मण्डल

कैलाशकुमार सिवाकोटी, नेत्रबहादुर गौत, मपवन भण्डारी